अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं : ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

प.स. - ०८२/०८३
च.नं.-

## प्रेस नोट

अन्नपूर्ण गाउँपालिकाको गाउसभाको २३ औं अधिवेशनले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु. ६१ करोड १४ लाख ६९ हजार को बजेट सर्वसम्मतिले पारित गरेको छ। यस बजेटले शैक्षिक सुधार, कृषि व्यवसायीकरण, पर्यटन प्रवर्धन, स्वास्थ्यमा पहुँच,आर्थिक सामाजिक र पूर्वाधार विकास, वातावरण संरक्षण र प्रविधिमैत्री सुशासनलाई मुख्य प्राथमिकतामा राखेको छ। कुल विनियोजित बजेटमध्ये चालुतर्फ रु. ४५ करोड ८६ लाख ०२ हजार (७५%) र पुंजीगततर्फ रु. १५ करोड २८ लाख ६७ हजार (२५%) रहेको छ। क्षेत्रगत रुपमा गाउँपालिकाको विषयगत शाखा वाट प्रस्ताव गरिएको कार्यक्रम तथा योजनाहरुमा रु. ५ करोड ४४ लाख, ६७ हजार ,गाउँपालिका को प्रशासनिक खर्च कार्यक्रम र योजना तर्फ रु. २३ करोड ११ लाख ४० हजार र वडा कार्यालयहरुवाट प्राप्त सिफारिसका आधारमा कार्यान्वयन गर्ने विकास कार्यक्रम तथा योजनाहरुमा रु. ८ करोड ३६ लाख विनियोजन गरिएको छ । आय तर्फ, संघीय सरकार वित्तिय समानिकरण अनुदान र राजस्व बाँडफाँड मार्फत रु. ५२ करोड ९८ लाख ५६ हजार प्रदेश सरकार (अनुदान र राजस्व बाँडफाँड बाट रु. २० करोड ४२ लाख ६ हजार, गाउँपालिकाको आन्तरिक आय बाट रु. २ करोड ५० लाख तथा बैंक मौज्दात रु.९ करोड १२ लाख ९० हजार हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको २०८३ जेठ मसान्तसम्म विनियोजित बजेटको कुल रु. ३० करोड १७ लाख ३६ हजार (४९.१४%) खर्च भएको छ, जसमा चालु खर्चः रु. २२ करोड ५२ लाख ७५ हजार (५९.६८%) तथा पूँजीगत खर्चः रु. ७ करोड ६४ लाख ६१ हजार (३२.३२%) खर्च भएको छ ।

बजेट तर्जुमाका लागि रचनात्मक सुझाव दिनुहुने आदरणीय उपाध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरु ,अन्नपूर्णवासी आम नागरिक, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज र सञ्चारकर्मीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै "समृद्ध र समुन्नत अन्नपूर्ण" निर्माणको यात्रामा सबै अन्नपूर्ण बासीको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।

मितिः- २०८३/०३/१०
अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पोखरेवगर,म्याग्दी ।

भारत कुमार पुन
अध्यक्ष

भारत कुमार पुन
अध्यक्ष